पोखरा विश्वविद्यालय

**मानविकी तथा सामाजिकशास्त्र संकायको**

# स्नातकोत्तर तथा एमफिल तहमा छात्रवृत्ति सम्बन्धी सूचना

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका कार्यक्रमहरूमा आगामी सेमेष्टरकालागि निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ ।

**१. छात्रवृत्तिको प्रकारः**

(क) खुला छात्रवृत्ति, (ख) स्थानीय छात्रवृत्ति, (ग) दलित छात्रवृत्ति, (घ) जनजाति छात्रवृत्ति, (ङ)दुर्गम छात्रवृत्ति, (च) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति, (छ) शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति (ज) मधेशी समुदाय छात्रवृत्ति ।

प्राप्त हुने सिट संख्यामध्ये स्थानीय छात्रबृत्ति र शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति (आङ्गिक स्कूलमा सञ्चालन हुने कार्यक्रममा मात्र प्रदान गरिने) कटाई बाँकी सिट मध्येबाट ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदायका लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरू:**

a) Master of Development Studies (MDEVS), - 5 Seats (SDSE, Pokhara)
b) Master in English – 3 Seats (IACER, Kathmandu)
c) MPhil in English – 3 Seats (IACER, Kathmandu)

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) MDEVS तथा Master in English कार्यक्रमहरूका लागि कुनै पनि विषय लिई सो विषयमा CGPA 2.00/4.00 वा दोश्रो श्रेणी प्राप्त गरी स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(ग) MPhil in English कार्यक्रमहरूका लागि कुनै पनि विषय लिई सो विषयमा CGPA 3.00/4.00 वा दोश्रो श्रेणी प्राप्त गरी स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(घ) सार्वजनिक विद्यालयमा अध्ययन गरी एस. एल. सी. उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(ङ) स्नातकोत्तर अध्ययनकालागि स्नातक तह उत्तिर्ण भएको मितिले ३ वर्षको अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन् ।

(च) MPhil कार्यक्रम अध्ययनकालागि स्नातकोत्तर तह उत्तिर्ण पश्चातको कुनै समय सिमा लाग्ने छैन ।

(छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

(१) सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) स्नातक तहकालागि एस.एल.सी वा सो सरहको परीक्षा, दश जोड दुई वा प्रमाणपत्र तह परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ग) MPhil कार्यक्रमका लागि माथि (ख) अनुसारका प्रमाणपत्रका साथै स्नातकोत्तर तह उतीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(घ) विदेशी विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारको लागि समकक्षताको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) माथि उल्लेखित कागजात अतिरिक्त स्थानीय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरुले

(क) पोखरा लेखनाथ महानगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा लेखनाथ महानगरपालिकाको सक्कल सिफारिस; दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस; जनजाति छात्रवृत्तिको लागि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस; दुर्गम छात्रवृत्तिको लागि सम्बन्धित गाँउ पालिकाको सिफारिस; अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस; जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहिद परिवारका छोराछोरीको हकमा नेपाल सरकारको गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस; मधेशी छात्रबृत्तिको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस सक्कलै पेश गर्नुपर्ने छ ।

(ख) छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि तोकिए अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सक्कलै सिफारिस पेश गर्नु पर्नेछ ।

(ग) उम्मेदवारले अध्ययन गरेको विद्यालय सरकारी विद्यालय हो भनी सम्वन्धित गाउँपालिका वा नगरपालिका वा सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पेश गर्नु पर्नेछ ।

**५. दरखास्त फाराम पाउने र बुझाउने स्थानः** मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा लेखनाथ-३०, खुदी, ढुङ्गेपाटन, कास्की (दरखास्त फाराम www.pu.edu.np बाट पनि Download गर्न सकिने छ) ।

**६. परीक्षा दस्तुरः** १००० (एक हजार मात्र)

**७. दरखास्त दिने अन्तिम मितिः** २०७४।९।११ (26 December 2017)

**८. परीक्षा हुने मितिः** २०७४।९।१२ (27 December 2017)

**९. परीक्षाको किसिम र भाषा:** लिखित वस्तुगत र अंग्रेजी

i) Master of Development Studies (MDEVS) का लागि

(a) Verbal Reasoning; (b) Logical and Critical Reasoning; (c) Quantitative Ability; (d) General Knowledge

ii) MA in English and MPhil in English का लागि

(a) Verbal Reasoning; (b) Logical and Critical Reasoning; (c) General Knowledge

**१०. लिखित परीक्षाको समय:** दिउसो १२:०० बजे देखि ३:०० बजे सम्म (तीन घण्टा) ।

**११. परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय, स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग एकेडेमिक भवन, पोखरा लेखनाथ-३०, कास्की ।

<u>सम्पर्कको लागि</u>

मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा विश्वविद्यालय, पोखरा लेखनाथ-३०, कास्की । फोनः ०६१-५६१६९९